बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश नेपाल

## बेलौरी नगरकार्यपालिकाको मिति २०८२।०७।१३ गते बसेको बैठकका निर्णयहरु

निर्णय नं. १) प्रस्ताव नं. १ माथि छलफल गर्दा तपसिल बमोजिमको निर्यणहरु पारित गरियो ।

क) निवेदक रश्मी विल्डर्स प्रा.लि. विरुद्ध बेलौरी नगरपालिका कार्यालय समेत भएको प्रतिषेध मुद्दामा कार्यालय समेतको तर्फबाट लिखित जवाफ दर्ता गर्न, मुकरर कानुन व्यवसायीको वरालनामा दर्ता गर्न तथा सो मुद्दा सँग सम्बन्धित अन्य काम कार्वाही समेत गर्न यस कार्यालयका इन्जिनियर श्री जगदिश जोशीलाई श्री उच्च अदालत दिपायल महेन्द्रनगर इजलासमा उपस्थित हुने गरी अख्तियारी दिने निर्णय गरियो ।

ख) प्रस्तुत मुद्दामा कानुनी प्रतिरक्षा गर्न का लागि अधिवक्ता उमेश प्रसाद विष्ट (प्र.प.सं. ७६९०) लाई नियुक्त गर्ने निर्णय गरियो ।

ग) यस बेलौरी नगरपालिका कार्यालयबाट नियुक्त कानुन व्यवसायि अधिवक्ता उमेश प्रसाद विष्टलाई देहाय बमोजिमको पारिश्रमिक दिने निर्णय गरियो ।

- मस्यौदा लेखन - रु. २५,०००।-
- प्रति वहस - रु. १५,०००।-
- विपक्षीबाट पेशी स्थगित भएकको अवस्थामा उपस्थित भए वापत - रु. ५,०००।-

निर्णय नं. २) प्रस्ताव नं. २ माथि छलफल गर्दा रामलिला कार्यक्रम संचालनका लागि आर्थिक सहयोग बजेट शिर्षकबाट रु. २,५०,०००।- (अक्षरुपी दुई लाख पचास हजार मात्र) व्यवस्थापन गर्ने निर्णय गरियो ।